भीरकोट नगरपालिकाका प्रमुख एवं कार्यकारी अधिकृत श्री झविश्वर रेग्मीज्यूको अध्यक्षता तथा व्यवस्थापिका संसदका माननीय सदस्य कमल प्रसाद पंगेनीज्यू को प्रमुख आतिथ्यता र व्यवस्थापिका संसदका माननीय सदस्य टेकु कुमारी नेपालीज्यू को विशिष्ट आतिथ्यता एवं जिल्ला स्थित क्रियाशिल राजनीतिकदलका प्रमुख एवं प्रतिनिधिज्युहरु, पुर्व माननीय ज्यूहरुको विशेष आतिथ्यतामा आयोजित दोश्रो नगरपरिषद घोषणा सभा उट्घाटन समारोहमा ने.का. भीरकोट नगर सभापति तोयनाथ अर्यालले स्वागत मन्तव्य राख्नु भएको कार्यक्रमको संचालन ने.क.पा. माओवादी केन्द्रका मिन प्रसाद कोइरालाले गर्नुभएको थियो । कार्यक्रमका अध्यक्ष एवं कार्यकारी अधिकृत झविश्वर रेग्मीले आगामी आ.व. २०७४/०७५ को वार्षिक वजेट, नीति तथा कार्यक्रम प्रस्तुत तथा अतिथि, विशेष अतिथि, विशिष्ट अतिथि, प्रमुख अतिथिज्युहरुको शुभकामना मन्तव्य पश्चात अतिथिज्यूहरुलाइ ने.क.पा.एमाले भीरकोट नगर कमिटि अध्यक्ष राजेन्द्र कुमार के.सी.को धन्यवाद ज्ञापन पश्चात, अध्यक्षज्यूवाट दोश्रो नगर परिषद घोषणा सभा समारोहलाइ समापन गर्नुभयो ।

उद्घाटन समारोहको समाप्ती लगत्तै भीरकोट नगरपालिकाको प्रमुख एवं कार्यकारी अधिकृत झविश्वर रेग्मीले परिषद बैठकको अधिकार प्रयोग गरी शाखा प्रमुख तथा आमन्त्रित सदस्यहरुको उपस्थितीमा देहाय बमोजिमको निर्णय गरियो ।

**निर्णय नं. १.** यस नगरपरिषद घोषणा सभावाट भीरकोट नगरपालिकाको आर्थिक बर्ष २०७२।७३ असार मसान्त सम्म चालु तर्फ रु २५,९४,१८६। ,सामाजिक सुरक्षा तर्फ रु १,५४,५३,२००। ,पुँर्जिगत तर्फ रु १,२५,७८,५१७। ,खर्च तर्फ चालु रु २५,४१,९७८। ,पुँर्जीगत तर्फ रु १,१२,२२,३५३। चालु आर्थिक बर्षको अषाढ मसान्तर सम्मको सशोधित अनुमानित आम्दानी चालु तर्फ रु ८२५५०००।, सामाजिक सुरक्षा तर्फ रु ३२०४८०००। पुँजिगत तर्फ रु ६२९५१४००। ४७.७८ प्रतिशतले बृद्धि , खर्च तर्फ २०७३ माघ समान्त सम्म चालु तर्फ रु २६,३७,७२७। , समाजिक सुरक्षा तर्फ रु १,१९,७५,२००।, पुँजिगत तर्फ रु ३९,३२,२००। बरावरको आम्दानी खर्च विवरणलाई अनुमोदन गरियो ।

**निर्णय नं. २.** एकिकृत योजना तर्जुमा समितिको बैठकबाट सिफारिस भई आएका आ.ब. २०७४/०७५ को योजना निति तथा कार्यकमहरु वोर्ड बैठक स्वीकृत भई आए बमोजिम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३.** नगरपालिका वोर्ड बैठकबाट विभिन्न मितिमा भए गरेका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४.** भीरकोट नगरपालिकामा लगाइ आएको सिफारिस दस्तुर सेवा शुल्क घर बहाल कर व्यवसाय कर मालपोत लागयतका यस आ.व.०७३।०७४ र आगामि आ.व.०७४।०७५ को लागि प्रस्तावित कर दस्तुर तथा बोर्ड बैठकबाट निर्णय भै आएबमोजिम स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५.** भीरकोट नगरपालिका बाट आ.व. ०७४।०७५ को लागि संञ्चालन गर्ने गरी प्रस्तावित योजना तथा कार्यक्रमहरु एकिकृत योजना तर्जुमा समितिको बैठकबाट छनोट भै नगरपालिका बोर्ड बैठकबाट सिफारिस भै आएबमोजिम स्विकृत गर्ने निर्णय गरियो । **(योजना तथा कार्यक्रमहरुको विस्तृत विवरण अनुसुचिमा संलग्न छन् ।)**

**निर्णय नं.६.** भीरकोट नगरपालिकाको दोश्रो नगरपरिषद घोषणा सभा बाट आगामी आर्थिक वर्ष २०७४।२०७५ को लागि अनुमानित रु ९ करोड ७३ लाख ६८ हजार आय तथा व्यय बार्षिक नीती योजना तथा स्विकृत एवम नगरपालिका को बोर्ड बैठक बाट निर्णय, भै आए बमोजिम स्विकृति गर्ने निणर्य गरियो ।

**निर्णय नं.७.** बस्ती विकास शहरी योजना तथा भवन निर्माण मापदण्ड निर्देशिका २०७३ नगरपालिका बोर्ड बाट स्वीकृत भई आए बमोजिम सामान्य परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.८.** कर्मचारी कल्याण कोष तथा टोल विकास गठन सम्बन्धी निर्देशिका नगरपालिका बोर्ड बैठक बाट स्वीकृत भई आए बमोजिम सामान्य परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.९.** एकिकृत सम्पत्ति, कर, व्यवस्थापन विनियम २०७३ नगरपालिका बोर्ड बैठक बाट स्वीकृत भई आएकोले सामान्य परिमार्जन सहित स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०.** यस नगरपालिकाका सबै वडाहरुको बडा नागरिक मन्च र वडा भेलाबाट सिफारिस भएका एकिकृत योजना तर्जुमा समिति तथा नगरपालिका बोर्डबाट पेश भएका आयोजनाहरु यस नगरपालिकाको आयश्रोतलाई मध्यनजर राखि नगरपालिकाको श्रोतले नभ्याउने आयोजनाहरु सम्बन्धित निकायमा पेश गर्न (माग गर्न) नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११.** यस भीरकोट नगरपालिकाको विगतको परिषदबाट स्वीकृत भएको संलग्न संगठन तालिका र दरवन्दी तेरिजलाई सोही अनुसार रहने गरि अनुमोदन गरि नगरपालिकाको श्रोत र साधनलाई मध्यनजर गर्दै पदपूर्ति समितिका सुझाव तथा सुधार कार्यका लागि नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.**१२. यस नगरपालिकामा करार सेवामा काम गरेका कार्यालय सहायक र कार्यालय सहयोगी को करार सेवा अवधि एक बर्ष थप गरेकोमा सो अनुमोदन गरियो साथै करार सेवा थप गर्ने अधिकार नगरपालिका वोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३.** आ.व. २०७४।०७५ का लागि स्वीकृत गरिएको अनुमानीत बजेटबाट संचालन गरिने कार्यक्रम तथा योजनाहरुको सम्बन्धमा आवश्यकता अनुसार उपलब्ध हुन सक्ने स्रोत साधनलाई मध्यनजर गर्दै केही संशोधन तथा फेर बदल गर्नु परेमा फेरबदल तथा संशोधन गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१४.** यस नगरपालिका क्षेत्र भित्र सबै वडाहरुलाई समेटने गरी चक्रपथ निर्माण गर्नका लागि सम्बन्धित निकायमा माग गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५.** स्थानीय स्वायत्त शासन नियमावली २०५६ को नियम १३९ मा व्यवस्था भए बमोजिम आयोजनाको जाचपास सुपरिवेक्षण तथा अनुगमन समिती गठन गर्न नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । हाल सम्म गरेकालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१६.** नगरपालिका बोर्डबाट स्वीकृत भै आएका तपसिलमा उल्लेखित जिल्लस्तरीय र केन्द्रीय योजनाहरुलाइ स्वीकृत गरि इलाका मार्फत जिल्ला र केन्द्र स्तरमा मागका लागि सिफारिस गर्ने निर्णय गरियो । ( **योजनाहरुको विवरण अनुसुचि १ ज मा संलग्न गरिएको छ ।)**

**निर्णय नं.१७.** आगामी आर्थिक बर्ष ०७४/७५ देखि एकिकृत सम्पत्ति कर लागु गर्न देहाय बमोजिमको सम्पत्तिमा देहाय बमोजिम कर निर्धारण गर्ने गरी एकिकृत सम्पत्तिकर व्यवस्थापन विनियम २०७३ को अनुसुचि ५ परिमार्जन गर्ने निर्णय गरियो । साथै स्थानीय मुल्याङकन समिति गठन भई मुल्याङकन नगर्दा सम्मको लागि जग्गाको मुल्याङ्कनको हकमा मालपोत कार्यालयले रजिष्ट्रेसन प्रयोजनको लागि निर्धारण गरेको मुल्याङ्कन दर लाई आधार मान्ने निर्णय गरियो ।

# एकिकृत सम्पत्तिकर व्यवस्थापन विनियम २०७३ (अनुसुची ५)

## भीरकोट नगरपालिका कार्यालय

### एकिकृत  सम्पत्तीको करको दर

| क.सं. | मुल्याङ्कन रकम | | एकिकृत कर | स्थानीय स्वायत्त शासन नियमावलि बमोजिम लगाउन सक्ने करका दर |
|---|---|---|---|---|
| | देखि | सम्म | | |
| १. | रु १ | रु २ लाख ५० हजार | रु २५ | रु २५ देखि रु २०० सम्म |
| २. | रु २ लाख ५० हजार १ | रु ५ लाख | रु ५० | |
| ३. | रु ५ लाख १ | रु १० लाख | रु १०० | |
| ४. | रु १० लाख १ | रु १५ लाख | रु २०० | रु २५० देखि रु ४०० सम्म |
| ५. | रु १५ लाख १ | रु २० लाख | रु ३०० | |
| ६. | रु २० लाख १ | रु ३० लाख | रु ५०० | रु ५०० देखि रु १००० सम्म |
| ७. | रु ३० लाख १ | रु ४० लाख | रु ७०० | रु १२०० देखि रु ३००० सम्म |
| ८. | रु ४० लाख १ | रु ५० लाख | रु १००० | |
| ९. | रु ५० लाख १ | रु ७० लाख | रु १५०० | रु ३५०० देखि रु १०००० सम्म |
| १०. | रु ७० लाख १ | रु १ करोड | रु २५०० | |
| ११. | रु १ करोड १ | रु १ करोड ३० लाख | रु ४००० | रु २५००० देखि रु ६०००० सम्म |
| १२. | रु १ करोड ३० लाख १ | रु १ करोड ६० लाख | रु ६००० | |
| १३. | रु १ करोड ६० लाख १ | रु २ करोड | रु ९००० | |
| १४. | रु २ करोड १ | रु २ करोड ५० लाख | रु १२००० | |
| १५. | रु २ करोड ५० लाख १ | रु ३ करोड | रु १५००० | |
| १६. | रु ३ करोड १ देखि माथि | | प्रति हजार रु १ | |
| १७. | | रु ५ करोड | | |
| १८. | रु ५ करोड १ देखि माथि | | | प्रति हजार रु २ |